राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. डा. बेदुराम भुसाल, मा. जयन्ती देवी राई, मा. मदन कुमारी शाह (गरिमा), मा. उदय बहादुर बोहरा, मा. गोमादेवी तिमल्सिना, मा. राजेन्द्र लक्ष्मी गैरे, मा. घनश्याम रिजाल र मा. सावित्री मल्ल | ०२. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा |
| ०३. | मा. भगवती न्यौपाने, मा. गोपाल भट्टराई, मा. सुमित्रा वि.सी., मा. रुक्मिणी कोइराला र मा. इन्दिरा देवी गौतम | ०४. | मा. डा. अन्जान शाक्य |
| ०५. | मा. झक्कु प्रसाद सुवेदी, मा. रेनु चन्द, मा. जग प्रसाद शर्मा, मा. सुरेश कुमार आलेमगर, मा. माया प्रसाद शर्मा, मा. तारामान स्वाँर, मा. गोपी बहादुर सार्की आछामी, मा. गंगा कुमारी बेल्वासे र मा. श्रीकृष्ण प्रसाद अधिकारी | ०६. | मा.विष्णु बहादुर विश्वकर्मा |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | प्रस्तावना | | | | • "स्तरीय" भन्ने शब्दको सट्टा "गुणस्तरीय" भन्ने शब्द राख्नु पर्ने।<br>• "पानीजहाज निर्माण" भन्ने शब्द थप्नु पर्ने। |
| २. | मा. विष्णु बहादुर विश्वकर्मा | प्रस्तावना | | | | "स्तरीय" भन्ने शब्दको सट्टा "गुणस्तरीय" भन्ने शब्द राख्नु पर्ने। |
| ३. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | १ | (१) | | | "पानीजहाज" भन्ने शब्दको सट्टा "जल यातायात" भन्ने शब्दहरू वा "जलयान" भन्ने शब्द राख्नु पर्ने। |
| ४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १ | (३) | | | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:<br>"(३) यो ऐन प्रमाणीकरण भएको मितिले एक्काइसौं दिनदेखि प्रारम्भ हुनेछ।" |
| ५. | मा. मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | १ | (३) | | | "प्रकाशन गरी तोकेको मितिदखि" भन्ने शब्दहरूको सट्टा "प्रकाशन भएको मितिले एकतिसौं दिनदेखि" भन्ने शब्दहरू राख्ने। |
| ६. | मा. डा. अन्जान शाक्य | १ | (३) | | | "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि" भन्ने शब्दहरूको सट्टा "तुरुन्त" भन्ने शब्द राख्नु पर्ने। |
| ७. | मा. डा. अन्जान शाक्य | २ | | (ख) | | "सरकारको" भन्ने शब्दपछि "नेपाल" भन्ने शब्द थप्नु पर्ने। |
| ८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | (ग) | | • "सोसाइटीको कुनै सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "सोसाइटीलाई" भन्ने शब्द राख्नु पर्ने।<br>• अंग्रेजी शब्दहरूको स्थानमा नेपाली शब्द राख्ने। |
| ९. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | २ | | (ग) | | "क्लासिफिकेसन सोसाइटी" भन्ने शब्दलाई नेपालीमा लेख्नु पर्ने। |

७/५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | (घ) | | "रुट" भन्ने शब्दको सट्टा "पथ" वा "बाटो" भन्ने शब्द राख्नु पर्ने। |
| ११. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | २ | | (ज) | | परिभाषालाई स्पष्ट पार्नु पर्ने। |
| १२. | मा. डा. अन्जान शाक्य | २ | | (ड) | | • "व्यक्ति" भन्ने शब्दको सट्टा "सर्भेयर" भन्ने शब्द राख्नु पर्ने।<br>• परिच्छेद ४ र ८ बाहेक विधेयकको अन्य ठाउँमा प्रयोग भएको "व्यक्ति" शब्दको सट्टा "सर्भेयर" शब्द राखी एकरूपता कायम गर्ने। |
| १३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | | (ल) | | "राखिएको" भन्ने शब्दको सट्टा "राखिने" भन्ने शब्द राख्नु पर्ने। |
| १४. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | २ | | (व) | | "आन्तरिक नदी" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १५. | मा. डा. अन्जान शाक्य | २ | | (ङ), (ज), (व) | | खण्ड (ङ) पछि खण्ड (च) थपी "जलस्रोत" भन्ने शब्द, खण्ड (ज) पछि नयाँ खण्ड थपी "दर्ता" शब्द र खण्ड (व) पछि नयाँ खण्ड थपी "सर्भे" शब्दलाई परिभाषित गर्नु पर्ने र त्यसपछिका खण्डक्रम मिलाउनु पर्ने। |
| १६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | परिच्छेद-२ | | | | परिच्छेदशीर्षक र ठाउँ-ठाउँमा रहेका "रुट" भन्ने शब्दको सट्ट "पथ" वा "बाटो" भन्ने शब्द राख्नु पर्ने। |
| १७. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ४ | (५) | | | उपदफालाई स्पष्ट पार्नु पर्ने। |

७/५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४ | (६) | | | झिक्नु पर्ने। |
| १९. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ४ | (६) | | | • झिक्नु पर्ने, वा<br>• प्रत्यायोजित विधायनको आशय र संरचनाअनुसार मिलाउनु पर्ने। |
| २०. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ४ | (६) | | | "तोकिए" भन्ने शब्दको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| २१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६ | (२) | | | झिक्नु पर्ने। |
| २२. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ६ | (२) | | | "तोकिए" भन्ने शब्दको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| २३. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ७ | (१) | | | उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने:<br>"(२) नेपाल सरकारले नेपालको आन्तरिक जलमार्गमा सञ्चालन भएका पानीजहाजलाई पूर्वसूचना दिएर वा आपतकालीन अवस्थामा पूर्वसूचनाबिना जहाज सञ्चालनमा पूर्ण वा आंशिकरूपमा प्रतिबन्ध लगाउन वा निषेध गर्न सक्नेछ।" |
| २४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७ | (२) | | | झिक्नु पर्ने। |
| २५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ८ | | (ग) | | "लगेमा" भन्ने शब्दको सट्टा "सञ्चालन गरेमा" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २६. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ८ | | | | दफाशीर्षकपछि उपदफाक्रम (१) थपी साविकको व्यहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप्नुपर्नेः-<br>"(२) नेपाल सरकारले जलमार्ग सञ्चालनमा अवरोध पुग्ने गरी कुनै पनि भौतिक संरचना निर्माण गर्न अनुमति प्रदान गर्ने छैन।" |
| २७. | मा. डा. अन्जान शाक्य | ९ | | | | दफा ९ पछि देहायको दफा १० थपी त्यसपछिका दफाक्रम मिलाउनु पर्नेः<br>"१०. <u>जलस्रोतको उपभोग अधिकार</u>: प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक तथा अन्तरदेशीय जलयान सञ्चालन प्रयोजनार्थ जलमार्गको अध्ययन, अनुसन्धान, जलमार्गको रूट निर्धारण र जलमार्गमा जलयान सञ्चालनको बखत जलस्रोतको उपभोग अधिकार नेपाल सरकार पानीजहाज कार्यालयसँग निहित रहनेछ।" |
| २८. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | १० | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(३) पानीजहाज निर्माण गर्दा पानीजहाज सेवा प्रवेशद्वार, पानीजहाजभित्र र गन्तव्यस्थलबाट बाहिर निस्कने स्थलसम्म सबै प्रकारका सेवाग्राहीलाई पहुँचयुक्त हुने गरी निर्माण सुनिश्चित गर्नु पर्नेछ।" |
| २९. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १० | (४) | | | उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(५) नेपालको जलक्षेत्रमा जल यातायातको प्रयोजनार्थ सम्पूर्ण अधिकार नेपाल पानीजहाज कार्यालयमा निहित हुनेछ।" |

२१५.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १० | (५) | | | झिक्नु पर्ने। |
| ३१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १२ | | | | • उपदफा (२) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• उपदफा (३) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• उपदफा (४) झिक्नु पर्ने। |
| ३२. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | १२ | (४) | | | "तोकिए" भन्ने शब्द झिक्नु पर्ने। |
| ३३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १३ | (१) | | | उपदफा (१) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ३४. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | १३ | (१) | | | "सीमा" भन्ने शब्दपछि "ऐनमा" भन्ने शब्द थप थप्नु पर्ने। |
| ३५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १३ | (२) | | | "असी प्रतिशत" भन्ने शब्दहरूको सट्टा "नब्बे प्रतिशत" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३६. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | १३ | (२) | | | उपदफा स्पष्ट पार्नु पर्ने। |
| ३७. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | १४ | (२) | | | "देखिने गरी टाँस गर्नु" भन्ने शब्दहरूको सट्टा "देख्न र पढ्न सक्ने गरी पहुँचयुक्त ढाँचामा राख्नु" भन्ने शब्दहरू राख्नु पर्ने। |

२१५.

२१४

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३८. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | १४ | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थप्नु पर्ने:- "(३) ढुवानी सम्बन्धी प्रतितपत्र (एलसी) नेपालमा नै खोल्नु पर्नेछ।" |
| ३९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १५ | | | | "तोकिए बमोजिम" भन्ने शब्द झिक्नु पर्ने। |
| ४०. | डा. मा. अन्जान शाक्य | १५ | | | | • दफाशीर्षकपछि उपदफाक्रम (१) थपी सो उपदफामा रहेका "धनीले सम्भावित" भन्ने शब्दहरूको सट्टा "धनीले भाडा बीमा, दायित्व बीमा, हल बीमा (Hull Insurance), सामुद्रिक कार्गो बीमा, मालसामानको चोरी तथा डकैती र सम्भावित अन्य भौतिक तथा मानवीय" भन्ने शब्दहरू थप्नु पर्ने।<br>• कायम हुने उपदफा (१) पछि देहायको उपदफा (२) थप्नु पर्ने:- "(२) बीमा सम्बन्धी सर्त र सीमाहरू प्रचलित कानून बमोजिम हुनेछ।" |
| ४१. | डा. मा. अन्जान शाक्य | १५ | | | | दफा १५ पछि दफा १६ थपी सो दफामा ढुवानी सम्बन्धी प्रतितपत्र (एलसी) नेपालमा व्यवस्था गर्ने र त्यसपछिका दफाक्रम मिलाउनु पर्ने। |
| ४२. | डा. मा. अन्जान शाक्य | १६ | (२) | | | "उपयुक्त व्यक्ति" भन्ने शब्दहरूको सट्टा "योग्यता तथा मापदण्ड पूरा पुगेको सर्भेयर" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४३. | डा. मा. अन्जान शाक्य | १६ | (३) | | | झिक्नु पर्ने। |
| ४४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १६ | (३) र (४) | | | उपदफा (३) र (४) झिकी सर्भेयरको योग्यता ऐनमै राख्नु पर्ने। |

२१४

७१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४५. | डा. मा. अन्जान शाक्य | १७ | (१) | | | "समुद्रमा" भन्ने शब्दको सट्टा "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलमार्गमा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १७ | (१) | (छ) | | झिक्नु पर्ने। |
| ४७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १८ | (२) | | | झिक्नु पर्ने। |
| ४८. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | १८, १९, २० र २१ | | | | पुनर्लेखन गर्नु पर्ने। |
| ४९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १९ | (२) | | | झिक्नु पर्ने। |
| ५०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २१ | (२) | | | झिक्नु पर्ने। |
| ५१. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | २५ | (४) | | | "बमोजिम" भन्ने शब्दपछि "मोटर जडान भएको सबै" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५२. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू र मा. विष्णु बहादुर विश्वकर्मा | २५ | (७) | | | "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ५३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २५ | (८) | | | झिक्नु पर्ने। |

७१५

714.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५४. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू र मा. विष्णु बहादुर विश्वकर्मा | २६ | | | | "दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ५५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | २६ | | (ग) | | "व्यापारिक" भन्ने शब्द झिक्नु पर्ने। |
| ५६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २६ | | (घ) | | "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम" भन्ने शब्दको सट्टा "यस ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| ५७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २९ | (२) | (ञ) | | झिक्नु पर्ने। |
| | | | (३) | | | "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| | | | (८) | | | झिक्नु पर्ने। |
| ५८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३० | (३) | | | "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम" भन्ने शब्दहरूको सट्टा "यस ऐन" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३१ | (२) | | | "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ६०. | मा. डा. अन्जान शाक्य | ३२ | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने:-, <br> "(३) रेडियो प्रसारण, रेडियो टेलिफोनको सञ्चालन नेपाल टेलिकमको सिफारिसमा हुनु पर्नेछ।" |

714.

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ६१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३२ | (५) | | | झिक्नु पर्ने। |
| ६२. | मा. डा. अन्जान शाक्य | ३३ | | | | "रहनेछ" भन्ने शब्दपछि "र आवश्यकतानुसार कार्यालयले शाखा कार्यालय स्थापना गर्नेछ" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ६३. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ३५ | | | | "खटाई" भन्ने शब्दपछि "पानीजहाज पहिलोपटक सञ्चालन हुनुभन्दा अगाडि अनिवार्यरूपमा र आवश्यकता अनुसार" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ६४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३७ | (१) | (ञ) | | झिक्नु पर्ने। |
| ६५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३८ | (३) | | | झिक्नु पर्ने। |
| ६६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४१ | (४) | | | झिक्नु पर्ने। |
| ६७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४३ | (६) | | | झिक्नु पर्ने। |
| ६८. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ४५ | (१) | | | "व्यापारिक" भन्ने शब्द झिक्नु पर्ने। |
| ६९. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ४६ | (१) | | | "व्यापारिक" भन्ने शब्द झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ७०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४८ | (६) | | | झिक्नु पर्ने। |
| ७१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४९ | (४) | | | झिक्नु पर्ने। |
| ७२. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५३ | (१) | | | "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ७३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५४ | (७) | | | झिक्नु पर्ने। |
| ७४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ५५ | (२) | | | झिक्नु पर्ने। |
| ७५. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ५७ | | (छ) | | "जडान" भन्ने शब्दपछि " गर्ने र दोभाषेको व्यवस्था" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ७६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६० | (३) | | | "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६१ | | | | "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ७८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६२ | (३) | | | झिक्नु पर्ने। |

२१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ७९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६३ | (३) | | | झिक्नु पर्ने। |
| ८०. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६५ | (२) | | | झिक्नु पर्ने। |
| ८१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६६ | (४) | | | झिक्नु पर्ने। |
| ८२. | मा. डा. अन्जान शाक्य | परिच्छेद-१५ | | | | परिच्छेदशीर्षकमा रहेको "<u>कार्यालयको</u>" भन्ने शब्दपछि "<u>स्थापना,</u>" भन्ने शब्द थप्नु पर्ने। |
| ८३. | मा. डा. अन्जान शाक्य | ६७ | (१) | | | • "दर्ता" भन्ने शब्दपछि "सर्भे, झंण्डा सम्बन्धी व्यवस्था, आन्तरिक तथा अन्तरदेशीय जलयान सञ्चालन" भन्ने शब्दहरू र सरकारको भन्ने शब्दपछि "नेपाल" भन्ने शब्द थप्नु पर्ने।<br>• उपदफा (१) पछी देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(२) नेपाल पानीजहाज कार्यालयको मुख्य कार्यालय काठमाडौंमा रहनेछ र अन्य शाखा कार्यालय आवश्यकता अनुसार प्रदेश तथा अन्य मुलुकमा समेत रहनेछ।" |
| ८४. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू र मा. विष्णु बहादुर विश्वकर्मा | ६७ | (२) | (द) | | खण्ड (द) पछि देहायको खण्ड (ध) थपी त्यसपछिका खण्डक्रम मिलाउनः-<br>"(ध) वार्षिक प्रगति प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने," |

२१५

७१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८५. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ६७ | (२) | (द) | | खण्ड (द) पछि देहायको खण्ड (ध) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ध) सबै प्रकारका सेवाग्राहीलाई पानीजहाज सेवा सहज, पहुँचयुक्त र सरल बनाउन आवश्यक व्यवस्था गर्ने," |
| ८६. | मा. डा. अन्जान शाक्य | ६७ | (२) | (ध) | | • "कार्य" भन्ने शब्दपछि "गर्ने र भेसल ट्राफिक सेवा प्रदान" भन्ने शब्दहरू थप्नु पर्ने।<br>• खण्ड (ध) पछि देहायका खण्ड (न) र (प) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-<br>"(न) भूपरिवेष्ठित राष्ट्रले खुला समुद्रबाट प्राप्त गर्ने सेवा सुविधा र बन्दरगाहको अधिकारको विषयमा अध्ययन गरी नेपाल सरकारलाई नियमितरूपमा प्रतिवेदन पेश गर्ने,<br>(प) समुद्रसम्मको आवातजावत र बन्दरगाहको पहुँच उपयोगको लागि अन्तर्राष्ट्रिय सामुद्रिक कानुन बमोजिम प्राप्त अधिकारको आधारमा सम्बन्धित मुलुकहरूसँग द्विपक्षीय वा बहुपक्षीय सन्धि सम्झौताको लागि पहल गर्न नेपाल सरकारलाई आवश्यक राय, सल्लाह र सुझाव दिने," |
| ८७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६७ | (२) | (न) | | झिक्नु पर्ने। |

७१५

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ८८. | मा. विष्णु बहादुर विश्वकर्मा | ६८ | (२) | | | खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः- "(ञ) प्रदुषणमुक्त प्रमाणपत्र जारी तथा नविकरण गर्ने," |
| ८९. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६८ | (२) | (ठ) | | झिक्नु पर्ने। |
| ९०. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ६९ | (१) | | | "तोकिए" भन्ने शब्दको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| ९१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ६९ | (२) | | | उपदफा झिकी रेडियो निरीक्षकका काम, कर्तव्य र अधिकार ऐनमा राख्नु पर्ने। |
| ९२. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ६९ | (२) | | | "तोकिए" भन्ने शब्दको सट्टा "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| ९३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७० | (२) | | | उपदफा झिकी पानीजहाज निरीक्षकका काम, कर्तव्य र अधिकार ऐनमा नै राख्नु पर्ने। |
| ९४. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ७० | (२) | | | "तोकिए" भन्ने शब्दको सट्टा, "ऐन" भन्ने शब्द राख्नु पर्ने। |
| ९५. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७२ | (४) | | | झिक्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ९६. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ७४ | (१) | | | "सूची" भन्ने शब्दपछि "सबैले देख्न, पढ्न र सूचना लिन सक्ने गरी पहुँचयुक्त ढाँचामा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ९७. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७७ | (६) | | | झिक्नु पर्ने। |
| ९८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७८ | (२) | | | झिक्नु पर्ने। |
| ९९. | मा. विष्णु बहादुर विश्वकर्मा | ८० | | (ज) | | "पानीजहाज भएमा" भन्ने शब्दहरूपछि "एक वर्षदेखि तीन वर्षसम्म कैद र" भन्ने शब्दहरू र "व्यापारिक पानीजहाज भए" भन्ने शब्दहरूपछि "दुई वर्षदेखि पाँच वर्षसम्म कैद र" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १००. | मा. डा. अन्जान शाक्य | ८१ | | | | "अनुसन्धान अधिकारी" ऐनमा नै तोक्नु पर्ने। |
| १०१. | मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ८२ | | (क) | | खण्डलाई स्पष्ट पार्नु पर्ने। |
| १०२. | मा. डा. अन्जान शाक्य र मा. विष्णु बहादुर विश्वकर्मा | ८२ | | (क) | | "ललितपुर जिल्ला अदालतलाई" भन्ने शब्दहरूको सट्टा "काठमाडौं जिल्ला अदालतलाई" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १०३. | मा. डा. अन्जान शाक्य | ८३ | | | | दफाशीर्षकपछि देहायको उपदफा (१) थपी साविक व्यवस्थालाई उपदफा (२) कायम गर्नु पर्ने:-<br>"(१) दफा ८२ को खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालत तथा काठमाडौं जिल्ला अदालतले फैसला गरेको चित्त नबुझेमा पुनरावेदन गर्न सक्नेछ।" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १०४. | मा. डा. अन्जान शाक्य | ८५ | | | | परिच्छेद-१८ को सुरूमा दफा ८५ थपी सो दफामा "गुनासो सुनुवाई कार्यालयको व्यवस्था गर्ने" सम्बन्धी व्यवस्था थपी त्यसपछिका दफाक्रम मिलाउनु पर्ने। |
| १०५. | मा. भगवती न्यौपाने सहितका मा. सदस्यहरू | ८९ | (१) | | | "नियम" भन्ने शब्दको सट्टा "नियमहरू" भन्ने शब्द राख्नु पर्ने। |
| १०६. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू र मा. झक्कु प्रसाद सुवेदी सहितका मा. सदस्यहरू | ८७ | | | | दफा ८७ पछि देहायको दफा ८८ थपी त्यसपछिका दफाक्रम मिलाउनु पर्नेः-<br>"८८. ऐन कार्यान्वयन मापनः मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नेछ।" |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि १०६ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।११।०४